आज मिति २०८२ चैत्र ३ गते मंगलवारका दिन नीलकण्ठ नगर-कार्यपालिकाको वैठक नगर प्रमुख श्री भीमप्रसाद ढुंगानाज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न प्रस्तावहरुमा छलफल तथा निर्णय गरियो।

<u>उपस्थिति</u>

१. नगर प्रमुख श्री भीमप्रसाद ढुंगाना

२. नगर उप-प्रमुख श्री दिपक विश्वकर्मा

३. प्रमुख प्रशासकीय अधिकृत श्री हरिदत्त कंडेल (सचिव)

४. वडा अध्यक्ष श्री गणेश वहादुर गुरुङ

५. वडा अध्यक्ष श्री ध्वज वहादुर गुरुङ

६. वडा अध्यक्ष श्री राजकुमार श्रेष्ठ

७. वडा अध्यक्ष श्री हरि वहादुर श्रेष्ठ

८. वडा अध्यक्ष श्री राम वहादुर श्रेष्ठ

९. वडा अध्यक्ष श्री भुपेन्द्र कुमार श्रेष्ठ

१०. वडा अध्यक्ष श्री गौतमहरि अधिकारी

११. वडा अध्यक्ष श्री प्रकाशकुमार श्रेष्ठ

१२. वडा अध्यक्ष श्री राजन वराइली

१३. वडा अध्यक्ष श्री सरोज पाण्डे

१४. वडा अध्यक्ष श्री राम वहादुर श्रेष्ठ

१५. वडा अध्यक्ष श्री धर्मराज भण्डारी

१६. वडा अध्यक्ष श्री सोम वहादुर गुरुङ

१७. वडा अध्यक्ष श्री नमराज दुवाडी

१८. कार्यपालिका सदस्य श्री चिनामाया श्रेष्ठ

१९. कार्यपालिका सदस्य श्री राम्री नेपाली

२०. कार्यपालिका सदस्य श्री छनुमाया गुरुङ

२१. कार्यपालिका सदस्य श्री शान्ता थापा

२२. कार्यपालिका सदस्य श्री विशाल रोक्का

२३. कार्यपालिका सदस्य श्री लक्ष्मण रम्तेल

२४. कार्यपालिका सदस्य श्री मञ्जु थापामगर

२५. का.वा.अध्यक्ष श्री राजन अधिकारी वडा नं.७

<u>अन्य आमन्त्रित उपस्थिति</u>

सरोज तिवारी

मिति: २०८२।१२।०३ गते

**वैठकमा छलफलका विषयहरु:**

१. १८ औं नगर सभाका सम्वन्धमा।
२. नगर सभामा उपस्थित हुने पदाधिकारीहरु/कर्मचारीहरु लगायत अन्य उपस्थितको सुविधाका सम्वन्धमा।
३. नगर सभामा पेश गर्ने विषयहरुका सम्वन्धमा।
   क. चालू आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयन समिक्षा प्रतिवेदनका सम्वन्धमा।
   ख. विभिन्न विधेयकहरुका सम्वन्धमा।
      १. एफ.एम.रेडियो (सञ्चालन तथा व्यवस्थापन) विधेयक,२०८२
      २. विज्ञापन (व्यवस्थापन तथा नियमन) विधेयक,२०८२
      ३. वालवालिका सम्वन्धी ऐन, २०८० मा पहिलो संशोधन गर्ने विधेयक,२०८२
      ४. नीलकण्ठ प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ मा पहिलो संशोधन गर्ने विधेयक,२०८२
४. विद्यालयका लागि वाल संरक्षण मापदण्ड,२०८२ का सम्वन्धमा।
५. वेरुजु फर्छ्यौट सम्वन्धमा।
६. विभिन्न प्रतिवेदनका सम्वन्धमा।
७. योजना अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिवेदनका सम्वन्धमा।
८. न्यायिक समितिको प्रगती समिक्षाका सम्वन्धमा।
९. पूर्व निर्मित घरहरुको अभिलेखिकरणका लागि सार्वजनिक सूचाना प्रकाशन सम्वन्धमा।
१०. पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रमका सम्वन्धमा।
११. वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा सहजीकरण समिति र स्वास्थ्य संस्था प्रमुखहरुलाई अभिमुखिकरणका सम्वन्धमा।
१२. आर्थिक ऐन, २०८२ मा संशोधन गर्ने सम्वन्धमा।
१३. चालु तथा पूँजिगत खर्चको समिक्षा गर्ने सम्वन्धमा।
१४. योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने सम्वन्धमा।
१५. नगर कार्यपालिका वैठकका निर्णय तथा अन्य समितिहरुका निर्णय उपर समिक्षा गर्ने सम्वन्धमा।
१६. एम्वुलेन्स खरिदका लागि आवश्यक प्रक्रिया अगाडि वढाउने सम्वन्धमा।
१७. नयाँ ट्र्याक निर्माण सम्वन्धी योजना सम्झौता तथा कार्यान्वियन गर्ने सम्वन्धमा।
१८. पशुसेवा तर्फको सशर्त अनुदान वितरण स्वीकृती सम्वन्धमा।
१९. उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रम सम्वन्धमा।
२०. खानेपानी पाइप उपलब्ध गराउने सम्वन्धमा।
२१. अर्थ विविधवाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमका सम्वन्धमा।
२२. राजश्व वापतको रकम कार्यान्वयन गर्ने सम्वन्धमा।
२३. वन वातावरण तथा विपद् व्यवस्थापन समितिका निर्णयहरु उपर छलफल गर्ने सम्वन्धमा।
२४. रकम भुक्तानी सम्वन्धमा।
२५. योजना तथा कार्यक्रमहरु संशोधन गर्ने सम्वन्धमा।
२६. सार्वजनिक जग्गा उपयोग गर्न सिफारिस गर्ने सम्वन्धमा।
२७. एमसिसि परियोजना अन्तर्गत प्रभावित क्षेत्रका नागरिकहरुलाई प्रदान गरिने उद्यमशीलता र सिपमूलक तालिम छनौट समिति गठन सम्वन्धमा।
२८. कार्य सम्पादन मूल्याङ्कन प्रणालीमा अंक दावी गर्ने सम्वन्धमा।
२९. अन्य विविध विषयहरुका सम्वन्धमा।

स्थानीय सरकार

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको बैठक

मितिः २०८२।१२।०३ गते

## निर्णयहरुः

**१. १८ औं नगर सभाका सम्वन्धमा:,**

नीलकण्ठ नगरपालिकाको १७ औं अधिवेशनवाट चालु आर्थिक वर्ष २०८२/०८३ को लागि स्वीकृत नीति, कार्यक्रम तथा वजेटका सम्वन्धमा एवम् आर्थिक ऐन तथा विनियोजन ऐन, २०८२ का सम्वन्धमा कार्य प्रगति सहित आवश्यक संशोधान, छलफल तथा निर्णयका लागि यस नगरपालिकाको १८ औं अधविशन मति २०८२ चैत्र १५ गते आईवारका दिन विहान १०:०० वजेवाट प्रारम्भ हुने हुदाँ उक्त नगर सभालाई सभ्य र भव्य रुपमा सम्पन्न गर्ने र सोका लागि सम्पूर्ण आवश्यक पूर्व तयारी गर्ने निर्णय गरियो। साथै अधिवेशनलाई खर्च किफायती शैलिमा सञ्चालन गर्न नगरपालिकाको आफ्नै सिटि हलमा आयोजना गर्ने निर्णय गरियो।

**२. नगर सभामा उपस्थित हुने पदाधिकारीहरु/कर्मचारीहरु लगायत अन्य उपस्थितिको सुविधाका सम्वन्धमा:,**

निर्णय नं.१ वमोजिम अधिवेशनमा उपस्थित हुने सभा सदस्यहरु एवम् अन्य आमन्त्रित सहभागीहरुलाई नगर सभा चलेको दिनको नियमानुसारको वैठक भत्ता र आते-जाते खर्च (यातायात) वापत रु १०००।- (अक्षेरुपी रु एक हजार) उपलब्ध गराउने निर्णय गरियो।

**३. नगर सभामा पेश गर्ने विषयहरुका सम्वन्धमा:,**

**क. चालू आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयन समिक्षा प्रतिवेदनका सम्वन्धमा:,**

नीलकण्ठ नगरपालिकाको १७ औं अधिवेशनवाट चालु आर्थिक वर्ष २०८२/०८३ को लागि स्वीकृत नीति, कार्यक्रम तथा वजेटका सम्वन्धमा एवम् आर्थिक ऐन तथा विनियोजन ऐन, २०८२ का सम्वन्धमा कार्य प्रगति सहितको नीति तथा कार्यक्रमको समिक्षा प्रतिवेदन यस वैठकवाट स्वीकृत गरी अनुमोदनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

ख. विभिन्न विधेयकहरुका सम्वन्धमाः,

नीलकण्ठ नगरपालिकाको दैनिक प्रशासनिक कार्य सञ्चालन तथा नगरलाई व्यवस्थित र नागरिकमैत्री स्थानीय सरकारको रुपमा सञ्चालन गर्न आवश्यक रहेका देहाय वमोजिमका विधेयकहरु उपर यस वैठकमा दफावार छलफल गरी स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियोश्र

१. एफ.एम.रेडियो (सञ्चालन तथा व्यवस्थापन) विधेयक,२०८२
२. विज्ञापन (व्यवस्थापन तथा नियमन) विधेयक,२०८२
३. वालवालिका सम्वन्धी ऐन, २०८० मा पहिलो संशोधन गर्ने विधेयक,२०८२
४. नीलकण्ठ प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ मा पहिलो संशोधन गर्ने विधेयक,२०८२

४. विद्यालयका लागि वाल संरक्षण मापदण्ड, २०८२ का सम्वन्धमाः,

नीलकण्ठ नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका विद्यालयहरुमा वाल संरक्षण, वालवालिकाहरुको शैक्षिक, मानसिक लगायतका विविध गतिविधिहरुलाई व्यवस्थित रुपमा सञ्चालन तथा व्यवस्थित्त गर्न तयार गरिएको वाल संरक्षण मापदण्ड, २०८२ स्वीकृत गर्ने निर्णय गरियो।

५. वेरुजु फर्छ्यौट सम्वन्धमाः,

महालेखा परीक्षकको कार्यालयबाट भएको यस कार्यालयको आर्थिक वर्ष २०८१/०८२ र यस भन्दा अगाडिका सवै लेखापरीक्षण प्रतिवेदनमा यस कार्यालयवाट सम्पादन हुने सिलसिलामा देखिएका नियमित गर्नुपर्ने, प्रमाण पेश गर्नेपर्ने, नियमित गर्नुपर्ने जस्ता विषयवस्तु उल्लेख भएकोमा सो सम्वन्धमा वुदाँगत रुपमा छलफल गरी आगामी वैठकमा पेश गर्ने निर्णय गरियो। साथै त्यस्ता वुदाँ उपर कारण, प्रभाव र प्रतिवद्धतासहित नियमीत गरी सम्परीक्षणको लागि महालेखा परीक्षकको कार्यालय समक्ष पेश गर्ने निर्णय गरियो।

६. विभिन्न प्रतिवेदनका सम्वन्धमाः,

नीलकण्ठ नगरपालिका अन्तर्गतका चालु आ.व.२०८२/०८३ को स्वीकृत नीति, योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको शिलसिलामा विभिन्न समिति, उप-समिति, शाखागत प्रगति प्रतिवेदन र यस अवधिमा पूर्वाधार विकास समिति, सामाजिक विकास समिति, संस्थागत विकास तथा सुशासन समिति, न्यायिक समिति, विधायन समिति, आर्थिक विकास समिति, वातावरण तथा

विपद् व्यवस्थापन समिति, नगर शिक्षा समिति र लेखा समितिका संयोजकहरुले पेशगर्नु भएको समितिहरुवाट सम्पादित कामहरुको प्रगति प्रतिवेदन अनुमोदन गर्दै समितिहरुवाट भएका सम्पूर्ण निर्णयहरु स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

७. योजना अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिवेदनका सम्वन्धमाः,

आ.व २०८२/२०८३ मा सञ्चालित योजना अनुगमन तथा मुल्यांकन समितिवाट अनुगमन मूल्याकन भै कार्यपालिका समक्ष पेश भएको प्रतिवेदन उपर छलफल भै योजना अनुगमन तथा मुल्याङ्कन समितिले फरफारक गरेको योजनाहरु र सो वमोजिम भएको सम्पूर्ण भुक्तानी स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

८. न्यायिक समितिको प्रगती समिक्षाका सम्वन्धमाः,

न्यायिक समितिका संयोजक एवम् उपप्रमुख श्री दिपक विश्वकर्माज्यूवाट प्रस्तुत मिति २०८२ फाल्गुन मसान्तसम्म न्यायिक समितिद्धारा सम्पादित कार्यको प्रतिवेदन उपर छलफल भै उक्त प्रतिवेदन स्वीकृत गरी अनुमोदनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

९. पूर्व निर्मित घरहरुको अभिलेखिकरणका लागि सार्वजनिक सूचाना प्रकाशन गर्ने सम्वन्धमाः,

नीलकण्ठ नगरपालिका भित्र निर्माण भएका पूर्व निर्मित भवन अभिलेखीकरण/नियमित गर्ने सम्वन्धी कार्यविधि, २०८२ वमोजिम हुने गरी वस्ति विकास शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ लागू हुनु पूर्व निर्मित भवन तथा घरहरुको अभिलेखीकरणका लागि मिति २०८३ असोजमसान्तसम्मको अन्तिम म्याद कायम गरी तोकिएको सर्त पुरा गरी आउन सम्वन्धित पक्षको जानकारीका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो।

१०. पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रमका सम्वन्धमाः,

नीलकण्ठ नगरपालिकालाई पोषणमैत्री वडा तथा स्थानीय सरकार निर्माण गर्नको लागि नगरपालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिका पदाधिकारीहरु र सवै शाखा प्रमुखहरुलाई पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन सम्वन्धि अभिमुखीकरण गर्ने र सवै शाखाहरुवाट आफ्नो आफ्नो क्षेत्र भित्रका सूचकहरु पुरा गर्नको लागि पहल गर्ने र नगर सभावाट समेत

पोषणमैत्री स्थानीय सरकार निर्माण गर्नका लागि आवश्यक वजेट व्यवस्थापनका लागि सिफारिस गर्ने निर्णय गरियो।

११. वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा सहजीकरण समिति र स्वास्थ्य संस्था प्रमुखहरुलाई अभिमुखिकरणका सम्वन्धमाः,

नीलकण्ठ नगरपालिकालाई पोषणमैत्री स्थानीय सरकारको रुपमा सञ्चालन गर्न सवै वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा सहजीकरण समिति र स्वास्थ्य संस्था प्रमुखहरुलाई अभिमुखिकरण गर्नुपर्ने भएकोले पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन शीर्षकमा विनियोजित वजेटवाट पालिका र वडा स्तरमा अभिमुखीकरण कार्यक्रमं सञ्चालन गर्ने निर्णय गरियो।

१२. आर्थिक ऐन, २०८२ मा संशोधन सम्वन्धमाः,

यस नगरपालिको आ.व. २०८२/०८३ को संशोधित आर्थिक ऐन, २०८२ लाई स्वीकृतका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

१३. चालु तथा पूँजिगत खर्चको समिक्षा गर्ने सम्वन्धमाः,

चालु आ.व. २०८२/०८३ को फाल्गुनमसान्तसम्मको प्रगति/मुख्य उपलब्धी सहितको आर्थिक क्रियाकलापहरु उपर छलफल तथा समिक्षा गरी कार्यप्रगति सम्वन्धी प्रतिवेदन पारित गर्ने निर्णय गरियो।

१४. योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने सम्वन्धमाः,

यस नगरपालिकाको १७ औं अधिवेशनवाट स्वीकृत भएका योजना तथा कार्यक्रममा असर नपर्ने गरी सम्वन्धित शीर्षकमा खर्च नभएका एवम् स्वीकृत बजेट शीर्षकहरुमा बचत हुने रकमवाट यस कार्यालयमा तत्काल कार्यान्वयन गर्नुपर्ने भै प्राप्त भएका योजना तथा कार्यक्रमका सम्बन्धमा नगर कार्यपालिकाको विभिन्न वैठकवाट भए गरेका सम्पूर्ण योजना तथा कार्यक्रम एवम् तत्काल सम्वोधन गर्नुपर्ने गरी नगर प्रमुखस्तरीय निर्णयबाट कार्यान्वयन भएका सम्पूर्ण योजना तथा कार्यक्रमहरु स्वीकृत गरी अनुमोदनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

१५. <u>नगर कार्यपालिका वैठकका निर्णय तथा अन्य समितिहरुका निर्णय उपर समिक्षा गर्ने सम्वन्धमाः,</u>

यस नगरपालिकाको १७ औं अधिवेशनद्वारा चालु आ.व. २०८२/०८३ मा कार्यान्वयन हुने पारित नीति, कार्यक्रम र बजेटको सिमामा प्रभाव नहुने गरी तत्काल संवोधन गर्नुपर्ने भै कार्यान्वयनका लागि मिति २०८२ फाल्गुन मसान्तसम्म भएका नगर कार्यपालिका वैठकका सम्पूर्ण निर्णयहरु, नगर प्रमुखस्तरीय सम्पूर्ण निर्णयहरु, पूर्वाधार विकास समिति, सामाजिक विकास समिति, संस्थागत विकास तथा सुशासन समिति, न्यायिक समिति, विधायन समिति, आर्थिक विकास समिति, वातावरण तथा विपद् व्यवस्थापन समिति, लेखा समिति एवम् नगर शिक्षा समितिका संयोजकहरुले पेशगर्नु भएको मिति २०८२ फाल्गुनमसान्त सम्म भएका सम्पूर्ण कार्यसम्पादन प्रतिवेदन तथा काम कारबाहीहरु एवम् निर्णयहरु उपर छलफल तथा समिक्षा गरी स्वीकृत गरी अनुमोदनका लागि नगर सभामा पेश निर्णय गरियो।

१६. <u>एम्वुलेन्स खरिदका लागि आवश्यक प्रक्रिया अगाडि वढाउनेः,</u>

यस नगरपालिकाको सुनौलावजार क्षेत्रमा एम्वुलेन्स नभएका कारण आकस्मिक सेवा आवश्यक परेका विरामीहरु मर्कामा पर्ने गरेको तथा समयमै एम्वुलेन्स सेवा प्राप्त हुन नसक्दा मानवीय क्षतीसमेत हुनेगरेको अवस्थालाई मध्यनजर गर्दै सुनौलाबजार स्वास्थ्य चौकीबाट सञ्चालन हुनेगरी "ख" वर्गको एम्वुलेन्स खरिदको लागि यस नगरपालिकाबाट बजेट विनियोजन भएको र अर्थ मन्त्रालयको च.नं. १७०६, मिति २०८२/०८/१२ गतेको पत्रबाट एम्वुलेन्स खरिदका लागि सहमतिसमेत प्राप्त भई यस कार्यालयबाट एम्वुलेन्स खरिद प्रक्रियामा रहेकाले साविकमा जिल्ला तथा प्रादेशिक एम्वुलेन्स व्यवस्थापन समितिबाट एम्वुलेन्स सेवा संचालन तथा राजश्व छुटको सिफारिस निर्णयसमेत भएकोमा खरिद प्रक्रिया ढिला भई प्राप्त सिफारिस अनुसार कार्य नभईसकेकाले सुनौलाबजार स्वास्थ्य चौकीबाट सञ्चालन हुनेगरी उक्त "ख" वर्गको एम्वुलेन्स सञ्चालन तथा एम्वुलेन्स खरिदमा राजश्व छुटको लागि सिफारिस गरिदिनुहुनका लागि जिल्ला एम्बुलेन्स व्यवस्थापन समिति, धादिङलाई अनुरोध गर्ने निर्णय गरियो।

१७. नयाँ ट्र्याक निर्माण सम्वन्धी योजना सम्झौता तथा कार्यान्वयन गर्ने सम्वन्धमा।

क. नीलकण्ठ नगरपालिकाको १७ औं अधिवेशनको निर्णय नं. २१ अनुसार नगरक्षेत्रमा हुने सडक पूर्वाधार निर्माण गर्दा नयाँ कटिङलाई न्यूनिकरण गर्ने निर्णय भएकोमा चालु आ.व.२०८२/०८३ मा कार्यान्वयन हुने गरी नगर सभावाट विनियोजन भएको मंगलदेवी भालुवारी लाभेफाँट सडक जोड्न नी.न.पा.१ मा रु २०००००।- (अक्षेरुपी दुई लाख) विनियोजन भएकोमा विनियोजित रकमवाट नयाँ ट्रायक (सडक) खोल्नुपर्ने भइ वडा कार्यालयको प.स.२०८२/०८३ च.न. २२० मिति २०८२/०८/२० को प्राप्त सिफारिस सहित योजना कार्यान्वयनका लागि पेश भएको हुदाँ उक्त योजना कार्यान्वनयका लागि स्वीकृति दिने निर्णय गरियो। साथै उक्त योजना कार्यान्वयन पश्चात प्राविधिक मूल्याङ्कनका आधारमा आउने रकम भुक्तानी दिने गरी योजना सम्झौता तथा कार्यान्वनय गर्ने निर्णय गरियो।

ख. नीलकण्ठ नगरपालिकाको १७ औं अधिवेशनको निर्णय नं. २१ अनुसार नगरक्षेत्रमा हुने सडक पूर्वाधार निर्माण गर्दा नयाँ कटिङलाई न्यूनिकरण गर्ने निर्णय भएकोमा चालु आ.व.२०८२/०८३ मा कार्यान्वयन हुने गरी नगर कार्यापालिकाको वैठकवाट विनियोजन भएको देउराली, रिठावोटे वेलजगार सडक नी.न.पा. ५ मा रु ५०००००।- (अक्षेरुपी पाँच लाख) विनियोजन भएकोमा विनियोजित रकमवाट नयाँ ट्रायक (सडक) खोल्नुपर्ने भइ वडा कार्यालयको प.स.२०८२/०८३ च.न. ९०० मिति २०८२/११/२८ को प्राप्त सिफारिस सहित योजना कार्यान्वयनका लागि पेश भएको हुदाँ उक्त योजना कार्यान्वनयका लागि स्वीकृति दिने निर्णय गरियो। साथै उक्त योजना कार्यान्वयन पश्चात प्राविधिक मूल्याङ्कनका आधारमा आउने रकम भुक्तानी दिने गरी योजना सम्झौता तथा कार्यान्वनय गर्ने निर्णय गरियो।

ग. नीलकण्ठ नगरपालिकाको १७ औं अधिवेशनको निर्णय नं. २१ अनुसार नगरक्षेत्रमा हुने सडक पूर्वाधार निर्माण गर्दा नयाँ कटिङलाई न्यूनिकरण गर्ने निर्णय भएकोमा चालु आ.व.२०८२/०८३ मा कार्यान्वयन हुने गरी नगर कार्यापालिकाको वैठकवाट विनियोजन भएको झगरे रातमाटे तल्लो झगरे कुवरगाउँ सडक स्तरोउन्नती नी.न.पा. ९ मा रु

५०००००।- (अक्षेरुपी पाँच लाख) विनियोजन भएकोमा विनियोजित रकमवाट नयाँ ट्रायक (सडक) खोल्नुपर्ने भइ वडा कार्यालयको प.स.२०८२/०८३ च.न. १३८४ मिति २०८२/११/१० को प्राप्त सिफारिस सहित योजना कार्यान्वयनका लागि पेश भएको हुदाँ उक्त योजना कार्यान्वनयका लागि स्वीकृति दिने निर्णय गरियो। साथै उक्त योजना कार्यान्वयन पश्चात प्राविधिक मूल्याङ्कनका आधारमा आउने रकम भुक्तानी दिने गरी योजना सम्झौता तथा कार्यान्वनय गर्ने निर्णय गरियो।

घ. नीलकण्ठ नगरपालिकाको १७ औं अधिवेशनको निर्णय नं. २१ अनुसार नगरक्षेत्रमा हुने सडक पूर्वाधार निर्माण गर्दा नयाँ कटिङलाई न्यूनिकरण गर्ने निर्णय भएकोमा चालु आ.व.२०८२/०८३ मा कार्यान्वयन हुने गरी नगर कार्यपालिकाको वैठकवाट विनियोजन भएको हात्तीसुडा वसाह गैरीगाउँ तिनघरे घट्टेडाँडा सडक नी.न.पा. २ मा रु ७०००००।- (अक्षेरुपी सात लाख) विनियोजन भएकोमा विनियोजित रकमवाट नयाँ ट्रायक (सडक) खोल्नुपर्ने भइ वडा कार्यालयको प.स.२०८२/०८३ च.न. १३८७ मिति २०८२/१२/०३ को प्राप्त सिफारिस सहित योजना कार्यान्वयनका लागि पेश भएको हुदाँ उक्त योजना कार्यान्वनयका लागि स्वीकृति दिने निर्णय गरियो। साथै उक्त योजना कार्यान्वयन पश्चात प्राविधिक मूल्याङ्कनका आधारमा आउने रकम भुक्तानी दिने गरी योजना सम्झौता तथा कार्यान्वनय गर्ने निर्णय गरियो।

१८. <u>पशुसेवा तर्फको सशर्त अनुदान वितरण स्वीकृती सम्बन्धमा:,</u>

चालू आर्थिक वर्ष २०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार संघीय सशर्त तर्फको पशुसेवा अन्तर्गतका कार्यक्रम कार्यान्वयनका लागि मिति २०८२/०८/०८ गते र दोस्रो पटक मिति २०८२/०९/०८ गते प्रकाशन गरिएको सूचना अनुसार पेश भएका प्रस्तावना सम्बन्धमा स्थलगत अनुगमन र प्रमाणिकरण पश्चात सम्बन्धित कार्यक्रमको कार्यक्रम संचालन कार्यविधि तथा निर्देशिका बमोजिम मूल्याङ्कन समितिबाट कार्यक्रम सञ्चालनका लागि सिफारिस भएका देहाय बमोजिमको कार्य आवेदम संस्था र नगरपालिका वीच कार्यविधि

वमोजिमको साझेदारीमा हुने गरी कार्यान्वयनका लागि तपसिल बमोजिमका आवेदकहरु छनौट गरी कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो।

| क.सं. | आवेदकको नाम | ठेगाना | सम्पर्क व्यक्ति | अनुदान रकम रु. |
|---|---|---|---|---|
| क. वाखा स्रोत केन्द्र कार्यक्रम | | | | |
| १ | शारदा कृषि तथा पशुपंक्षी फर्म | नी.न.पा.५ | शारदा ढुंगाना | १००००० |
| २ | निगालपानी कृषि तथा पशुपंक्षी फर्म | नी.न.पा.९ | सिताराम श्रेष्ठ | १००००० |
| ३ | मनरुपी कृषि तथा पशुपंक्षी फर्म | नी.न.पा.५ | शोभा मगर श्रेष्ठ | १००००० |
| ४ | नितिका कृषि फर्म | नी.न.पा.२ | लोक वहादुर गुरुङ | १००००० |
| ख. घाँसेवाली स्रोत केन्द्र सुदृढीकरण कार्यक्रम | | | | |
| क.सं. | आवेदकको नाम | ठेगाना | सम्पर्क व्यक्ति | अनुदान रकम रु. |
| १ | नेपाल कृषि तथा पशुपंक्षी फर्म | नी.न.पा.२ | शारदा नेपाल | ४००००० |
| ग. गाइ भैसी स्रोत केन्द्र स्थापना कार्यक्रम | | | | |
| क.सं. | आवेदकको नाम | ठेगाना | सम्पर्क व्यक्ति | अनुदान रकम रु. |
| १ | श्रेष्ठ कृषि तथा पशुपंक्षी फर्म | नी.न.पा.५ | भवानी सुवेदी श्रेष्ठ | ५७५००० |

१९. **उत्पादनमा आधारित दुधमा प्रोत्सांहन अनुदान कार्यक्रम सम्वन्धमाः**

चालू आर्थिक वर्ष २०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश सशर्त तर्फको पशुसेवाका कार्यक्रम अन्तर्गत (उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रम) कार्यान्वयनका लागि प्रथम पटक मिति २०८२/०९/०८ र दोस्रो पटक २०८२/१०/२१ गते प्रकाशन गरिएको सूचना अनुसार पेश भएका प्रस्तावना सम्बन्धमा स्थलगत अनुगमन र प्रमाणिकरण पश्चात सम्वन्धित कार्यक्रमको कार्यक्रम संचालन कार्यविधि तथा निर्देशिका बमोजिम मूल्याङ्कन समितिबाट कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमको संस्थाहरु सिफारिस भएको र उक्त रकम प्रत्यक्ष किसान समक्ष नै पुग्ने देखिएकोले उक्त कार्य कार्यान्वयनका लागि तपसिल बमोजिमका आवेदकहरु छनौट गरी कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो।

**तपसिल**

| क.सं. | आवेदकको नाम | ठेगाना | सम्पर्क व्यक्ति | अनुदान रकम रु. |
|---|---|---|---|---|
| क. उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रम नीलकण्ठ नगरपालिका | | | | |
| १ | पशुपती दुग्ध उत्पादक सहकारी संस्था | नी.न.पा.३ | राम प्रसाद रिजाल | ४८५१७०.७५ |
| २ | ईष्टदेवी दुग्ध उत्पादक सहकारी संस्था | नी.न.पा.३ | नारायण प्रसाद लम्साल | ६०९५१६.८८ |

| ३ | श्री चमेरेगुफा कृषि वहुउद्देश्यी सहकारी संस्था लि. | नी.न.पा.५ | नेम वहादुर श्रेष्ठ | २०३२२३.९४ |
|---|---|---|---|---|

नोटः कुल वितरण भएको रकम रु १२९७९११.५७।-

२०. <u>खानेपानी पाइप उपलब्ध गराउने सम्वन्धमाः,</u>

नीलकण्ठ नगरपालिका वडा नं.१२ को प.स. २०८२/०८३ च.नं.९७० मिति २०८२/११/११ गतेको पत्रवाट तहाँ वडामा खनेपानीको समस्य उत्पन्न भइ तत्काल उक्त समस्यको समाधनका लागि देहाय वमोजिमको पोलिथिन पाइप माग भएको हुँदा वडा कार्यालयको प्रत्येक्ष समन्वय र सहकार्यमा खानेपानीमा देखिएको समस्यहरुको समाधानका लागि पाइप उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

| क्र.स | नाम थर | पाइपको साइज | पाइपको लम्वाई | कैफियत |
|---|---|---|---|---|
| १ | इन्द्र वहादुर श्रेष्ठ | २० mm | ३०० मिटर | |
| २ | मदन राउत | २० mm | ३०० मिटर | |
| ३ | रामहरी कुमाल | २५ mm | ६०० मिटर | ढापे वस्ती नँयालाइन विस्तार |
| ४ | झम्क वहादुर श्रेष्ठ | २५ mm | २०० मिटर | |
| ५ | कविता श्रेष्ठ | २५ mm | २०० मिटर | |
| ६ | तोरण वहादुर भण्डारी | २५ mm | २०० मिटर | |
| ७ | दामोदर अर्याल | २५ mm | २०० मिटर | |
| ८ | रामचन्द्र कुमाल | २५ mm | २०० मिटर | |
| ९ | वडा कार्यालयका लागि | २५ mm | ३०० मिटर | |
| १० | देवेन्द्र अधिकारी | २० mm | ३०० मिटर | |
| ११ | गुरुङ लामा चर्च | २० mm | १२०० मिटर | तामाङ वस्तीको लागि |
| १२ | गोविन्द सापकोटा | २५ mm | ४०० मिटर | |
| १३ | जामुनेचौर | ३२ mm | ४०० मिटर | डढेलोले पाइप पोलिएको |

२१. <u>अर्थ विविधवाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमका सम्वन्धमाः,</u>

नीलकण्ठ नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ मा कार्यान्वयन हुने गरी विनियोजन भएको नगरपालिका स्तरीय योजना तथा कार्यक्रम अन्तर्गतको सि.नं.१६ मा अर्थ विविध शीर्षकमा विनियोजन भएको रु ६० लाखवाट देहाय वमोजिमका योजना तथा कार्यक्रममा रकम विनियोजन गरी कार्यान्वयन गर्ने स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

| अर्थ विविधवाट कार्यान्वयन हुने विनियोजित योजना तथा कार्यक्रमहरु | | | | |
|---|---|---|---|---|
| सि.न. | योजना तथा कार्यक्रमको नाम | ठेगाना | विनियोजित रकम | कैफियत |

| | | | | |
|---|---|---|---|---|
| १ | सिस्नुटोल खा.पा | नी.न.पा.१ | २००००० | नगरपालिकाको १८ औं अधिवेशनवाट स्वीकृत योजना तथा कार्यक्रम अन्तर्गत नगरपालिका स्तरीय योजना तथा कार्यक्रमको सि.नं. १६ अन्तर्गत विनियोजन भएको रु ६० लाखवाट कार्यान्वयन हुने गरी विनियोजित गरिएको। |
| २ | सिम्ले खेल मैदान घेरावार | नी.न.पा.२ | २००००० | |
| ३ | शान्तिटार टोल विकास संस्थालाई सामुदायिक भवनमा भाडाकुडा, टेन्ट तथा फर्निचर खरिद | नी न.पा.३ | १५०००० | |
| ४ | रायटार ढल व्यवस्थापन तथा सडक मर्मत | नी.न.पा.४ | ३००००० | |
| | शहिद स्मृति प्रतिष्ठान कार्यालय व्यवस्थापन | नी.न.पा.४ | ३००००० | |
| ५ | फ्याक्से खानेपानी मर्मत तथा रान्चे पतेनी दलित वस्तिमा सामुदायिक भाडाकुडा टेन्ट व्यवस्थापन | नी.न.पा.५ | ३००००० | |
| ६ | सत्संग भवन व्यवस्थापन वैधेडाडा तथा भैरवी स्वास्थ्य आमा समुह र विजय आषिस मण्डली चच भाडाकुडा, तथा जलकन्या मन्दिर रङ्गरोगका लागि रङ्ग खरिद, फर्निचर खरिद व्यवस्थापन लगायत अन्य | नी.न.पा.६ | ३५०००० | |
| | शहिद मुकुन्दसेन स्मृति पार्क डि.पि.आर | नी.न.पा.६ | ४००००० | |
| ७ | दलित समाज सुधार तथा रम्तेल सेवा समाज भवन निर्माण वडा नं.७ रु ४ लाख तथा अमलटार विन्दवासिनी मन्दिर पहिरो व्यवस्थापन १ लाख ५० हजार गरी | नी.न.पा.७ | ५५०००० | |
| ८ | अमलडाडा आपडाडा सिढि निर्माण तथा चिलाउने वोटे गोरेटो वाटो निर्माण | नी.न.पा.७ | ४५०००० | |
| ९ | दमैटोल किरियापुत्री भवन निर्माण तथा ठाडोखोला चिसापानी प्रतिक्षालय निर्माण र नेपाली टोल क्रियापुत्री भवन मर्मत | नी.न.पा.७ | ४०००००. | |
| १० | केउरिनी भल व्यवस्थापन धारा संरक्षण तथा ससाह माथिल्लो ज्यामिरे सडक स्तरोउन्नती | नी.न.पा.८ | ३००००० | |
| ११ | सुरलीभञ्ज्याङ्ग चौतारा देखी टोल सम्म गोरेटोवाटो निर्माण | नी.न.पा. ९ | ४००००० | |
| १२ | ढाडागाउँ सडक स्तरोउन्नती तथा ड्रेन निर्माण | नी.न.पा.१० | ४००००० | |
| १३ | सल्ले खानेपानी निर्माण तथा सिम्ले मन्दिर निर्माण | नी.न.पा.११ | ४००००० | |
| १४ | चौतारोवाट जिवित चर्च जाने सडक मर्मत | नी.न.पा.१२ | ३००००० | |
| १५ | भोर्ले चक्रदेवी मन्दिर मुनीको गोरेटोवाटो मर्मत तथा सेउली मदनखर्क सडक मर्मत | नी.न.पा.१३ | ३००००० | |
| १६ | गुठ दलित वस्ती तथा कुपा सामुदायिक भवन व्यवस्थापन खा.पा. | नी.न.पा.१४ | ३००००० | |
| | | जम्मा रकम | ६०००००० | |

२२. राजश्व वापतको रकम कार्यान्वयन गर्ने सम्वन्धमा:.

नीलकण्ठ नगरपालिकाको १७ औं अधिवेशनवाट स्वीकृति नीति, कार्यक्रम तथा वजेट एवम उक्त अधिवेशनको निर्णय नं. ३९ मा नगरपालिकावाट संकलन असुल गर्नुपर्ने राजश्व संकलनमा/वडागत रुपमा उठेको कुल राजश्वको निश्चित रकम सम्वन्धित वडाहरुलाई उपलब्ध गराउने निर्णय भएकोमा आ.व.२०८१/०८२ मा संकलित वडागत राजश्वको परिधि र निर्णयको खण्डहरुमा उल्लेख भएको रकमको सिमा भित्र रही सम्वन्धित वडा समितिद्वारा

सिफारिस गरिएका योजना तथा कार्यक्रमहरु कार्यान्वयनको लागि स्वीकृति दिने निर्णय गरियो।

२३. वन वातावरण तथा विपद् व्यवस्थापन समितिका निर्णयहरु उपर छलफल गर्ने सम्वन्धमाः

यस चालु आ.व.को विभिन्न मितिमा परेको अविरल बर्षाको कारणले यस नगरपालिकाका बिभिन्न वडाहरुमा सिंचाईकुलो, खोलाले खेत कटान तथा पहिरो र घरगोठ अगाडी रहेको ऑगन पहिरिएर क्षती भएकोले घर गोठको संरक्षण गर्नु पर्ने, खोलामा वाढी आई कटान गरिएको वाधँकुलो संरक्षण तथा निर्माण गरी पानी संचालन गर्नका लागि विभिन्न वडाहरूबाट निवेदन प्राप्त भएकोले उक्त स्थानहरूको स्थलगत निरिक्षण गर्दा समेत तारजाली वितरण गर्नु पर्ने भएकोले यस नगरपालिकाको प्रकोप व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी आवश्यक रकम विनियोजन पश्चात तत्काल तारजाली खरिद कार्य अगाडि वढाउने र वितरण गर्ने निर्णय उपर छलफल गरी स्वीकृति दिने निर्णय गरियो।

अन्य निर्णयहरु

क. यस चालु आ.व.को विभिन्न मितिमा परेको अविरल बर्षाको कारणले यस नगरपालिकाका बिभिन्न वडाहरुमा सिंचाईकुलो, खोलाले खेत कटान तथा पहिरो र घरगोठ अगाडी रहेको ऑगन पहिरिएर क्षती भएकोले घर गोठको संरक्षण गर्नु पर्ने, खोलामा वाढी आई कटान गरिएको वाधँकुलो संरक्षण तथा निर्माण गरी पानी संचालन गर्नका लागि निम्न निवेदकहरुलाई देहाय अनुसार ग्याबिन जाली आवश्यकताको आधारमा वितरण गर्ने निर्णय गरियो। साथै जाली वितरण गर्नका लागि सिफारिस भएका व्यक्तिहरूलाई नगरपालिकावाट आवश्यक प्रक्रिया पुरा गरी खरिद भै आए पश्चात लाभग्राहीहरुलाई ४५ दिनको समायावधि तोक्ने र समयावधि भन्दा पछि आउने व्यक्तिहरूलाई तारजाली दिन वाध्य नहुने र उक्त व्यक्तिहरूलाई फोन मार्फत तथा सूचना मार्फत जानकारी गराउने निर्णय समेत गरियो।

| क.स. | निवेदकको नाम | वडा | विपद्को प्रकृति | क्षतिको विवरण | परिमाण |
|---|---|---|---|---|---|
| १ | पोडे सार्की | ५ | बारी पहिरो | वारी पहिरिएको | ४ |
| २ | डिल बहादुर रोका | ५ | खेतबारी पहिरो | खेतबारी पहिरो | ४ |
| ३ | सुँन्तली रोका समेत | ५ | बाढी पहिरो | खेत वगाएको | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | कमला ढुंगाना | ५ | बाढी पहिरो | खेत वगाएको | ४ |
| ५ | नवराज खतिवडा समेत | ५ | बाढी पहिरो | वाँध तथा कुलो बगाएको | ८ |
| ६ | प्रकाश वहादुर मगर | ५ | बाढी पहिरो | वाँध तथा कुलो बगाएको | ८ |
| ७ | लक्ष्मी लामिछाने | ५ | बाढ़ी पहिरो | कुलो वगाएको | ४ |
| ८ | राजन लम्साल समेत | ११ | बाढी पहिरो | खेत वगाएको | ८ |
| ९ | विष्णु प्रसाद घिमिरे | १४ | बाढी पहिरो | घरगोठ क्षति | ४ |
| १० | जगत बहादुर गुरूङ समेत | १३ | बाढी पहिरो | वाँध तथा कुलो बगाएको | ८ |
| ११ | राजु श्रेष्ठ समेत | ७ | बाढी पहिरो | सडक पहिरो | ८ |
| १२ | सुजन गुरूङ | २ | बाढी पहिरो | पहिरो गइ घरगोठ जोखिम | ४ |
| १३ | विन्दा कुमारी थापा क्षेत्री | २ | बाढी पहिरो | वाढीले खेत वगाएको | ४ |
| १४ | रेख बहादुर गुरूङ | ९ | बाढी पहिरो | पहिरो गइ घरगोठ जोखिम | ८ |
| १५ | सपना वि.क. | ४ | बाढी पहिरो | पहिरो गइ घरगोठ जोखिम | ४ |
| १६ | उद्दव प्रसाद रिजाल समेत | ६ | बाढी पहिरो | कुलोको बाधँ लगेको | ८ |
| १७ | ८ नं. वडा कार्यालय | ८ | बाढी पहिरो | ससाह खोलामा विभिन्न वाध लगेको | ० |
| १८ | विनु गुइदेल | १२ | बाढी पहिरो | घरगोठ जोखिम | ४ |
| १९ | कासीनाथ लम्साल | १२ | बाढी पहिरो | घरगोठ जोखिम | ४ |
| २० | यमल बहादुर थापा मगर | २ | बाढी पहिरो | खेत वगाएको | ४ |
| २१ | मैते सार्की समेत | ५ | बाढी पहिरो | वाँध तथा कुलो बगाएको | ८ |
| २२ | उपेन्द्र वरायली | ८ | बाढी पहिरो | घरगोठ जोखिम | ४ |
| २३ | प्रेम कुमार श्रेष्ठ | ९ | बाढी पहिरो | खेत वगाएको | ४ |
| २४ | रूका रिजाल समेत | ४ | बाढी पहिरो | बाध तथा कुलो वगाएको | ८ |
| २५ | सितामाया शाक्य | ९ | बाढी पहिरो | बाध तथा कुलो वगाएको | ४ |
| २६ | सेउली पधेरो छेउ सडक | १४ | बाढी पहिरो | सडक पहिरो | १० |
| २७ | काजीमान श्रेष्ठ | ८ | बाढी पहिरो | खेत वगाएको | ४ |
| २८ | कृष्ण बहादुर श्रेष्ठ | ८ | बाढी पहिरो | खेत वगाएको | ४ |
| २९ | फत्ते बहादुर भण्डारी | १२ | बाढी पहिरो | घरगोठ जोखिम | ४ |
| ३० | प्रकाश कोइराला | १२ | बाढी पहिरो | घरगोठ जोखिम | ४ |
| ३१ | हरि पौडेल | १२ | बाढी पहिरो | घरगोठ जोखिम | ४ |
| ३२ | लेखनाथ अर्याल | ३ | बाढी पहिरो | खेत वगाएकोकटान गरेको/ | ४ |
| ३३ | प्रमिला कार्की | ३ | बाढी पहिरो | खेत वगाएकोकटान गरेको/ | ४ |
| ३४ | डोल बहादुर गुरूङ | १ | बाढी पहिरो | बारी पहिरिएको | ४ |
| ३५ | वगरखोला वाँध निर्माण | ७ | बाढी पहिरो | वाँधकुलो बगाएको | १० |
| ३६ | सिव कुमार श्रेष्ठ | ८ | वाढी पहिरो | खेतवारी कटान गरेको | ४ |
| ३७ | भिम बहादुर शाक्य | ९ | वाढी पहिरो | खेतवारी कटान गरेको | ४ |
| ३८ | धन बहादुर मगर | १३ | वाढी पहिरो | खेतवारी कटान गरेको | ४ |
| ३९ | सन्तोष गुरूङ | ९ | वाढी पहिरो | खेतवारी कटान गरेको | ४ |
| ४० | नानीराम नेपाल समेत संगिता वि.क. | २ | वाढी पहिरो | खेतवारी कटान गरेको | ८ |
| ४१ | ठाकुर प्रसाद ढुंगाना | ५ | वाढी पहिरो | खेतवारी कटान गरेको | ४ |
| ४२ | चिजरानी घले | ८ | वाढी पहिरो | खेतवारी कटान गरेको | ४ |
| ४३ | राजाराम रिजाल समेत | २ | वाढी पहिरो | खेतवारी कटान गरेको | ८ |
| ४४ | प्रताप सिगुरूङ . समेत | ४ | वाढी पहिरो | खेतवारी कटान गरेको | ८ |
| ४५ | रामचन्द्र कुमाल | १२ | वाढी पहिरो | खेतबारी पहिरो | 4 |

| | | | | | |
|---|---|---|---|---|---|
| ४६ | रामहरि कुमाल | १२ | वाढी पहिरो | खेतबारी पहिरो | 4 |
| ४७ | कृष्ण बहादुर भट्ट | १२ | वाढी पहिरो | खेतबारी पहिरो | 4 |
| ४८ | नारायण कुमाल | १२ | वाढी पहिरो | खेतबारी पहिरो | 4 |
| ४९ | शिव कुमार श्रेष्ठ | ७ | वाढी पहिरो | खेतबारी पहिरो | 4 |
| ५० | मान बहादुर अधिकारी समेत | ४ | वाढी पहिरो | खेतवारी कटान गरेको | 8 |
| ५१ | भिम बहादुर शाक्य | ३ | वाढी पहिरो | खेतबारी पहिरो | 4 |
| ५२ | गौतीफाट सिन्चाइ कुलो | ३ | वाढी पहिरो | खेतबारी पहिरो | 8 |

ख. यस नगरपालिकाका विभिन्न स्थानहरुमा विभिन्न मितिमा गएको विपद्जन्य घटनाहरुले क्षति पुऱ्याई आवश्यक सहयोग तथा राहत उपलब्ध गरिदिन प्राप्त निवेदनहरु मध्ये सिंचाईसँग सम्वन्धित निवेदनहरू प्राथमिकता र स्थलगत निरिक्षण पश्चात नीलकण्ठ नगरपालिकाको ५० प्रतिशत र सम्वन्धित पक्षको ५० प्रतिशत लागत साझेदारीमा तपसिल बमोजिमका साईज र परिमाणम पोलिथिन पाईपहरू वितरणका लागि पेश भएकोमा वन,वातावरण तथा विपद् व्यवस्थापन समितिवाट निर्णय भै आएका तपसिलका लाभग्राहीहरुलाई तत्काल राहातका लागि आवश्यक प्रक्रिया पुरा गरी सामाग्री वितरण गर्ने र यसरी वितरण गरिएका पोलिथिन पाईपहरुको खर्च प्रकोप व्यवस्थापन कोषवाट भुक्तानी दिने समेत निर्णय गरियो।

| सि.नं | निवेदकको नाम | वडा | क्षतिको विवरण | परिमाण मिटर | कैफियत |
|---|---|---|---|---|---|
| १ | निर बहादुर इटनी | १० | कुलो बगाएको | ७० | २ इन्चको |
| २ | लक्ष्मी कार्की | ७ | वाध तथा कुलो क्षति पाइप | २०० | २ इन्चको |
| ३ | उषामाया थापा मगर | २ | वाध तथा कुलो क्षति पाइप | ५० | ३ इन्चको |
| ४ | गोविन्द बहादुर ढकाल | ४ | वाध तथा कुलो क्षति पाइप | १०० | ३ इन्चको |
| ५ | सिर्जन शील सिउडीबार कृषक समूह | २ | कुलो क्षति | ४० | ४ इन्च |
| ६ | टिकाराम कोइराला | २ | कुलो क्षति | १०० | ३ इन्चको |
| ७ | देवकी सुयाल | ९ | कुलो क्षति | १०० | ४ इन्च |
| ८ | कृष्ण लाल श्रेष्ठ | ७ | घर संरक्षण | | २ इन्चको |
| ९ | एकादत्त रिजाल समेत | ३ | कुलो क्षति | ५० | ४ इन्चको |
| १० | सम्झना पाण्डे समेत | १२ | वाध तथा कुलो क्षति | २०० | ३२मएम |
| ११ | राज बहादुर सार्की | ६ | कुलो क्षति | ५० | ३ इन्चको |
| १२ | गोपाल प्रसाद लम्साल | ९ | कुलो क्षति | १०० | ४ इन्च |
| १३ | केशव परियार | ७ | सिन्चाई पाइप | ५० | ३ इन्चको |
| १४ | गोपाल प्रसाद लम्साल | ९ | कुलो क्षति | १०० | ३ इन्चको |
| १५ | धन बहादुर मगर | १३ | कुलो क्षति | २०० | ३ इन्चको |
| १६ | कमला अधिकारी समेत | ७ | कुलो क्षति | १५० | ३ इन्चको |
| १७ | देव प्रसाद देवकोटा | ५ | कुलो क्षति | २०० | ३ इन्चको |
| १८ | नीलकण्ठ रिजाल | ३ | कुलो क्षति | १३० | ३ इन्चको |
| १९ | शर्मिला गुरूङ समेत | १३ | कुलो क्षति | २०० | ३ इन्चको |

ग. यस नगरपालिकाका विभिन्न स्थानहरुमा विभिन्न मितिमा गएको विपद्जन्य घटनाहरुले क्षति पुर्याइ आवश्यक सहयोग तथा राहत रकम उपलब्ध गरिदिन प्राप्त निवेदनहरु मध्ये आगलागी, अन्नवाली, तरकारी र घरगोठमा क्षती भएका निवेदनहरू प्राथमिकता र स्थलगत निरिक्षण पश्चात तपसिल बमोजिम नगद सहायता प्रदानका लागि वन, वातावरण तथा विपद् व्यवस्थापन समितिवाट सिफारिस भै आएका तपसिल वमोजिमका लाभग्राहीहरुलाई प्रकोप व्यवस्थापन कोषवाट खर्च लेखी राहात स्वरुप आवश्यक राहत रकम उपलब्ध गराउने निर्णय गरियो।

| सि.नं. | निवेदकको नाम | वडा | क्षतिको विवरण | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १ | बुद्दे बहादुर गुरूङ | १३ | पहिरोको कारण घरगोठ जोखिम | १०००० | |
| २ | वावुराम विसुन्के | ७ | आगन पहिरो गएको | १५००० | |
| ३ | सानी नेपाली | ९ | अविरल वर्षाको कारण गोठ लडेको | १०००० | |
| ४ | डल्ली दमै | ९ | शौचालय पुर्ण रूपमा क्षति | ५००० | |
| ५ | नर सिं वहादुर शाक्य | ९ | घर अगाडीको पर्खाल भत्केको र मेशेनरी वाल लगाउने | १०००० | |
| ६ | सुनिता धरेल | ३ | घरको कोठामा आगोलागी भएको | १०००० | |
| ७ | तोया बहादुर विक. | ८ | आगन पहिरो गएको | ७००० | |

घ. यस चालु आ.व.को विभिन्न मितिमा गएको विपद्जन्य घटनाहरुले यस नगरपालिकाका बिभिन्न वडाहरुमा रहेको खानेपानीका मुहान, पाइप इन्टेक आगोलागी तथा पहिरोको कारण क्षती भएको कारण प्राथमिकता र स्थलगत निरिक्षण पश्चात तपसिल बमोजिम सामागीहरू सहायता प्रदान गर्न वन, वातावरण तथा विपद् व्यवस्थापन समितिवाट सिफारिस भै आएका लाभ ग्राहीहरुको तत्काल समस्या समाधानका लागि आवश्यक सामाग्री वितरण गर्ने निर्णय गरियो।

| क.स. | निवेदकको नाम | वडा | क्षतिको विवरण | साइज | परिमाण(मी) |
|---|---|---|---|---|---|
| १ | विर्के माया गुरूङ | १३ | खानेपानी पाइप क्षति | ३२ एमएम पाईप | २०० |
| २ | टेक बहादुर गुरूङ | १३ | खानेपानी पाइप क्षति | २० एमएम पाईप | २०० |
| ३ | मननारायण श्रेष्ठ | ८ | खानेपानी पाइप क्षति | २० एमएम पाईप | १५० |
| ४ | नर बहादुर गुरूङ समेत | १३ | खानेपानी पाइप क्षति | २० एमएम पाईप | १०० |
| ५ | बुद्धिमाया गुरूङ समेत | १३ | खानेपानी पाइप क्षति | २० एमएम पाईप | १०० |
| ६ | परिमाया गुरूङ समेत | १३ | खानेपानी पाइप क्षति | २० एमएम पाईप | २०० |
| ७ | जित बहादुर गुरूङ | १३ | खानेपानी पाइप क्षति | २० एमएम पाईप | २०० |
| ८ | देवकी सुयाल | ९ | खानेपानी पाइप क्षति | २० एमएम पाईप | १०० |
| ९ | सम्झना पाण्डे समेत | १२ | खानेपानी पाइप क्षति | २० एमएम पाईप | ४०० |
| १० | टंक बहादुर भट्ट | १२ | खानेपानी पाइप क्षति | २० एमएम पाईप | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | भक्त बहादुर खनाल | १२ | खानेपानी पाइप क्षति | २० एमएम पाईप | २०० |
| १२ | सरिता श्रेष्ठ | १२ | खानेपानी पाइप क्षति | २० एमएम पाईप | ४०० |
| १३ | झंक नारायण श्रेष्ठ | १२ | खानेपानी पाइप क्षति | २० एमएम पाईप | २०० |
| १४ | लक्ष्मी श्रेष्ठ | १२ | खानेपानी पाइप क्षति | २० एमएम पाईप | ३०० |
| १५ | रामचन्द्र कुमाल | १२ | खानेपानी पाइप क्षति | २० एमएम पाईप | २०० |
| १६ | गहेन्द्र बहादुर भण्डारी | १२ | खानेपानी पाइप क्षति | २० एमएम पाईप | २०० |
| १७ | टोप बहादुर गुरूङ | १३ | खानेपानी पाइप क्षति | २० एमएम पाईप | २०० |
| १८ | प्रकाश कोइराला | १२ | खानेपानी पाइप क्षति | २० एमएम पाईप | २०० |
| १९ | राजेन्द्र दमाई | १२ | खानेपानी पाइप क्षति | २० एमएम पाईप | १०० |
| २० | राम बहादुर गुरूङ समेत | १३ | खानेपानी पाइप क्षति | २० एमएम पाईप | १०० |
| २१ | चन्द्र बहादुर गुरूङ | १३ | खानेपानी पाइप क्षति | २० एमएम पाईप | १०० |
| २३ | सुव्वा श्रेष्ठ | ७ | खानेपानी पाइप क्षति | २५ एमएम पाईप | ३०० |
| २४ | श्रीमाया गुरूङ | १३ | खानेपानी पाइप क्षति | २० एमएम पाईप | ३०० |
| २५ | धन बहादुर मगर | १३ | खेतबारी कटान गरेको | २० एमएम पाईप | २०० |
| २६ | पुर्ण प्रसाद सिंखडा समेत | ७ | खानेपानी पाइप क्षति | २५ एमएम पाईप | २०० |
| २७ | धादिङ कृषि तथा पशुपन्छी पर्म राजारा श्रेष्ठ | ४ | खानेपानी पाइप क्षति | २० एमएम पाईप | २०० |
| २८ | विर वहादुर गुरूङ | १३ | खानेपानी पाइप क्षति | २० एमएम पाईप | २०० |
| २९ | मंगल बहादुर गुरूङ | १३ | खानेपानी पाइप क्षति | २० एमएम पाईप | २०० |
| ३० | भाङखर्क खानेपानीको लागि | १३ | खानेपानी पाइप क्षति | २० एमएम पाईप | ४०० |

ङ. यस नीलकण्ठ नगरपालिका वडा नं. १२ संकोषमा रहेको साङ्कोष माध्यामिक विद्यालयमा विभिन्न समयमा परेको चटयाङका कारण विद्यालयमा भएको यान्त्रिक क्षति भएको कारण यस विद्यालयमा आगामी दिनमा पनि चटयाङको वढि जोखिम भएकोले दिर्घकालिन रूपमा चटयाङ रोकथामका लागि अर्थिङ जडान गर्नका वन, वातावरण तथा विपद् व्यवस्थापन समितिवाट सिफारिस भै आएकोमा प्राविधिक मुल्याङ्कनका लागि सोही वडामा कार्यरत प्राविधि खटाइ लागत अनुमान आए पश्चात आगामी वैठकमा पेश गर्ने निर्णय गरियो।

च. यस चालु आ.व.२०८२/०८३ को विभिन्न मितिमा परेको भारी बर्षाको कारणले यस नगरपालिका वडा नं ७ स्थित धादिङ वेशी देखि सुनौलावजार सडक खण्डको हाडी खोलामा पलास्थोक खोलाले एक घर नै जोखिम भएकोले उक्त घर संरक्षण गर्नका लागि प्लम्व वाल लगाउनु पर्ने आवश्यकता देखी वन, वातावरण तथा विपद् व्यवस्थापन समितिवाट सिफारिस भै आएकोमा प्राविधिक मुल्याङ्कनका लागि सोही वडामा कार्यरत प्राविधि खटाइ लागत अनुमान आए पश्चात आगामी वैठकमा पेश गर्ने निर्णय गरियो।

छ. यस चालु आ.व.२०८२/०८३ को विभिन्न मितिमा परेको भारी बर्षाको कारणले यस नगरपालिका वडा नं. ५ देउरालीमा करिव २०० रोपनी खेतमा पानी लगाउदै आईरहेको वाधँ तथा कुलो क्षति भएकोले उक्त बाधँ तथा कुलो मर्मत तथा निर्माण गर्नका वन, वातावरण तथा विपद् व्यवस्थापन समितिवाट सिफारिस भै आएकोमा प्राविधिक

मुल्याङ्कनका लागि सोही वडामा कार्यरत प्राविधि खटाइ लागत अनुमान आए पश्चात आगामी वैठकमा पेश गर्ने निर्णय गरियो।

ज. यस चालु आ.व.२०८२/०८३ को विभिन्न मितिमा परेको भारी बर्षाको कारणले यस नगरपालिका वडा नं. १० ज्यामरूङ शेरावेशीमा करिव २५ रोपनी खेतमा पानी लगाउदै आईरहेको वाधँ तथा कुलो क्षति भएकोले उक्त बाधँ तथा कुलो मर्मत तथा निर्माण गर्नका वन, वातावरण तथा विपद् व्यवस्थापन समितिवाट सिफारिस भै आएकोमा प्राविधिक मुल्याङ्कनका लागि सोही वडामा कार्यरत प्राविधि खटाइ लागत अनुमान आए पश्चात आगामी वैठकमा पेश गर्ने निर्णय गरियो।

झ. गत वर्ष झै यस वर्ष पनि गर्मी याम वडेसँगै वन डढेलो लाग्ने उच्च जोखिम वढि वडी रहेको छ। वन डढेलोले वन्यजन्तु, मानव तथा वन नजिक रहेको भौतिक संरचना समेतमा क्षति पुर्याउने भएकोले नगरपालिकाको भित्र रहेका सामुदायिक वन कवुलियति वन, धार्मिक वन तथा राष्टिय वनहरूको संरक्षण गर्नु सवैको कर्तव्य तथा जिम्मेवारी ठानी आ-आफ्नो क्षेत्रबाट सक्दो प्रयास गर्नका लागि अनुरोध गर्ने निर्णण गरियो । साथै यस कार्यालयमा रहेको नगरप्रहरी, आगो निभाउने दमकल सहित अन्य उपकरणहरू तयारी अवस्थाममा राख्ने र आवश्यकता अनुसार वन डढेलो सचेतना सम्वन्धी विभिन्न माध्यमहरूबाट जानकारी गराउने निर्णय कार्यान्वयनका लागि सरोकारवाला सवैमा जानकारी गराउने निर्णय गरियो।

ञ. यस नीलकण्ठ नगरपालिकाको चालु आ.व. २०८२/०८३ मा सञ्चालन हुने संघीय सर्शत अनुदान (२६३३२) को साना सिंचाई प्रवर्द्धन कार्यक्रम (क्रियाकलप नं २.७.१५.५१६) को लागि जम्मा रू १५,००,०००/- (अक्षररूपि पन्ध्र लाख रूपैया मात्र) विनियोजन भई स्वीकृत भएकोमा उक्त कार्यक्रम कार्यान्वयन गर्नका लागि प्रदेश तथा स्थानीय तहमा सर्शत वित्तिय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्याविधि, २०८२ को मापदण्डमा रही तपसिल बमोजिमको साना सिंचाई कुलो निर्माण गर्नका वन, वातावरण तथा विपद् व्यवस्थापन समितिवाट निर्णय भै आएकोमा वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको निर्णय वमोजिम हुने गरी वजेट तथा योजना कार्याजन्वयन गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

| सि.नं. | योजनकाको नाम | वडा नं. | जजेट रू | कैफियत |
|---|---|---|---|---|
| १ | बालिङखोला विविरे सिरान सिंचाई कुलो निर्माण | ४ | ३,५०,०००/- | |
| २ | पल्लो बेशी टारीखेत सिंचाई कुलो निर्माण | ५ | २,००,०००/- | |
| ३ | न्योवोटे खरिवोटे सिंचाई कुलो निर्माण | ५ | ४,००,०००/- | |

| | | | | |
|---|---|---|---|---|
| ४ | रिङ्गाबोटे वसाह सिंचाई कुलो निर्माण | ५ | २,००,०००/- | |
| ५ | पाख्रीखोला सिंचाई कुलो निर्माण | ९ | ३,५०,०००/- | |
| | जम्मा | | १५,००,०००/- | |

२४. <u>रकम भुक्तानी सम्वन्धमा:,</u>

नीलकण्ठ नगरपालिकाद्वारा लुसीको आयोजनामा फिनल्याण्डको ओलु सहरमा फेब्रुवरी २५-२७, २०२६ मा सम्पन्न भएको अर्वन लाइटिङ्ग सम्वन्धी सेमिनारमा प्रतिनिधित्वका लागि सात सय यूरो संहभागी स्वरुप वुझाउनुपर्ने भएकोमा नेपालवाट सोझै उक्त संस्थाको नाममा वुझाउन विविध कारणद्वारा असहज भएकोले उक्त रकम वुझाएको मायंमि कन्सल्टिङ्ग सर्भिसेसलाई सो प्रतिनिधित्व वापत वुझाएको रकम चालु आ.व.२०८२/०८३ मा विनियोजन भएको विविध चालु शिर्षकवाट खर्चलेखी भुक्तानी दिने निर्णय गरियो।

२५. <u>योजना तथा कार्यक्रमहरु संशोधन गर्ने सम्वन्धमा:,</u>

यस नगरपालिका अन्तर्गत आ.व. २०८२/०८३ मा कार्यान्वयन हुने नगर सभावाट विनियोजित भएका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु आवश्यक संशोधन गरी कार्यान्वयन गर्ने र अनुमोदनका लागि यस पछि वस्ने नगर सभामा पेश गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

<u>तालिका नं.१</u>

| सि.न | भएको योजनाको नाम | रकम | हुनुपर्ने नाम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | वितविशी सडक ग्रावेल नी.न.पा.८ | १०००००० | १. वितविशी सडक स्तरोउन्नति नी.न.पा.८ | १०००००० | |
| २. | भैपरी आउने विविध योजना तर्फ नी.न.पा.६ | ४००००० | १. लाकुरी धारा सडक निर्माण नी.न.पा.६ | १००००० | |
| | | | २. मग्राती टोलको धारा पानीमा मरनघाट निर्माण नी.न.पा.६ | २००००० | |
| | | | ३. विरौंटा कुलो सिंचाइ निर्माण नी.न.पा.६ | १००००० | |
| ३. | ससाह इसाइ चर्च तथा सिढी वाटो नी.न.पा. ८ | ५००००० | १. ससाह इसाइ चर्च भवन निर्माण नी.न.पा. ८ | ५००००० | |
| ४. | आकस्किक मर्मत सम्भार तर्फ, नी.न.पा.११ | ८५०००० | १. आकस्किक मर्मत सम्भार तर्फ, नी.न.पा.११ | ५००००० | |
| | | | २. नाला सरसफाइ, नी.न.पा.११ | १५०००० | |
| | | | ३. अधेरी खेत राना चौतारा सिढि निर्माण नी.न.पा.११ | २००००० | |
| ५. | धारापानी धारा र सलाइ धारा मर्मत नी.न.पा.११ | १००००० | १. धारापानी वाटो सोइलिङ्ग नी.न.पा.११ (आ.व.२०८१/०८२ को राजश्व वापत प्राप्त हुने रकम रु ५००००।- सहित एकमुष्ठ रकम समावेश गरिएको) | १५०००० | |
| ६. | कार्यालय सञ्चालन तर्फ विविध | १२०००० | १. पदाधिकारी वैठक भत्ता | ४८००० | |

२६. सार्वजनिक जग्गा उपयोग गर्न सिफारिस गर्ने सम्वन्धमा।

नीलकण्ठ नगरपालिका, ८ नं. वडा कार्यालय, रामकोट, धादिङको च.नं. १११७, मिति २०८२/१२/०३ गतेको पत्रबाट नीलकण्ठ नगरपालिका वडा नं. ८ ज्यामिरेस्थित मुरलीभञ्ज्याङ गा.वि.स वडा नं./सिट नं. २/क कि.नं. ११६२ र ६१६ को पूर्वतर्फ, कि.नं. १२८९ को दक्षिणतर्फ र कि.नं. ४११ को पश्चिम तर्फ रहेको खालि जग्गामा सामाजिक कार्यको लागि सामुदायिक भवन निर्माण गर्न अती आवश्यक भएको, उक्त जग्गा बन बुटेन नभएको सार्वजनिक जग्गा भएको, हाल प्रयोग विहिन रहेको र प्रयोगमा नल्याउदा अतिक्रमण हुने सम्भावना भएको, प्रयोगमा ल्याउदा समुदायलाई फाइदा हुने देखिएको, सामुदायिक भवन निर्माण गर्दा कुनै वातावरणीय असर हुने नदेखिएकाले सामुदायिक भवन निर्माणको लागि स्थानीय टोलवासीको भेलाको निर्णयसहित सिफारिस गरिदिनुहुन भनी अनुरोध भई आएकाले उक्त स्थानमा सामूदायिक भवन अतीआवश्यक भएको, उक्त जग्गा बन बुटेन नभएकाले रुख विरुवा काटनुपर्ने सार्वजनिक जग्गा भएको, हाल प्रयोग विहिन रहेको र प्रयोगमा नल्याउदा अतिक्रमण हुने सम्भावना भएको, प्रयोगमा ल्याउदा समुदायलाई फाइदा हुने देखिएको, सामुदायिक भवन निर्माण गर्दा कुनै वातावरणीय असर हुने नदेखिएको लागि उक्त स्थानमा सामूदायिक भवन निर्माण गर्नको सम्बन्धित कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो।

२७. एमसिसि परियोजना अन्तर्गत प्रभावित क्षेत्रका नागरिकहरुलाई प्रदान गरिने उद्यमशीलता र सिपमूलक तालिम छनौट समिति गठन सम्वन्धमा:

एमसिसि परियोजना अन्तर्गत विद्युत प्रसारण लाईन विस्तारगर्दा प्रभावित हुने यस नगरपालिकाको वडा नं.५ का प्रभावितको लागि एमसिए-नेपालको सहयोगमा सञ्चालन हुने उद्यमशीलता र सीप विकास तालिमको सहभागी छनौट गर्न देहाय बमोजिमको (प्रशिक्षार्थी) समिति गठन गर्ने निर्णय गरियो:

क. प्रमुख प्रशासकीय अधिकृत, नीलकण्ठ नगरपालिका -संयोजक

ख. वडा अध्यक्ष, ५ नं. वडा कार्यालय, नीलकण्ठ नगरपालिका - सदस्य

ग. शाखा प्रमुख, उद्यम विकास शाखा, नीलकण्ठ नगरपालिका - सदस्य

घ. रोजगार संयोजक, रोजगार सेवा केन्द्र, नीलकण्ठ नगरपालिका -सदस्य

ङ. ईडिएफ, एमसिए-नेपालको परियोजना प्रतिनिधि - सदस्य

उल्लिखित समितिमा एमसिए नेपालको परियोजनाको डिएलओ प्रतिनिधि पर्यवेक्षक सदस्यरुपमा रहने।

२८. <u>कार्य सम्पादन मूल्याङ्कन प्रणालीमा अंक दावी गर्ने सम्वन्धमाः,</u>

क. नीलकण्ठ नगरपालिका पुरानो जिल्लाको सदरमुकाम क्षेत्र र अन्य ग्रामिण क्षेत्र समेटी नगरपालिका गठन भएकाले यस नगरपालिकाको केन्द्र वरपर पुरानो वस्ती भएको र खाली जमिन प्लटिङ्ग र खण्डीकरणको संभावना नभएको तथा ग्रामिण क्षेत्रमा वस्ती विस्तार नभएको हुँदा हालसम्म जग्गा प्लटिङ्ग वा खण्डीकरण सम्बन्धी कुनै मापदण्ड नवनाइएको र कोही कसैबाट पनी हासम्म खण्डीकरण स्वीकृतिको लागि निवेदनसमेत पेश नभएकाले स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीको उपसूचक ५.१.१.२ मा पूर्ण अंक राखी पेश गर्ने।

ख. नीलकण्ठ नगरपालिकामा आर्थिक वर्ष २०८१/०८२ मा नदीजन्य पदार्थको सङ्कलन तथा विक्रि गर्न ठेक्का व्यवस्थापनको लागि प्रचलित कानून बमोजिम पटक पटक सूचना गरिएता पनी आवेदन नपरी ठेक्का व्यवस्थापन गर्न नसकिएकाले आव २०८१/०८२ मा नदिजन्य तथा खानीजन्य पदार्थको संकलन र विक्रि नभएको तथा जिल्ला अनुगमन समितिबाट सो विषयमा यस नगरपालिकाको सम्बन्धमा कुनैपनी अनुगमन प्रतिवेदन तथा सिफारिस नगरेकाले स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीको उपसूचक ५.१.३.२ मा पूर्ण अंक राखी पेश गर्ने।

ग. नीलकण्ठ नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा आफ्नो क्षेत्राधिकार पर्नेगरी नेपालको संविधान तथा प्रचलित कानून बमोजिम मात्र करारोपण गरेको स्वघोषणा गर्ने निर्णय गरियो र यससंग सम्बन्धितस्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीको उपसूचक १.५.१.२ मा पूर्ण अंक राखी पेश गर्ने।

घ. नीलकण्ठ नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ मा पशु बिमा निरन्तरता शिर्षकमा रकम विनियोजन विनियोजना गरेको तर सङ्घीय सरका कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट जारी भएको बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८१ को दफा ५ को खण्ड ले उक्त कार्यविधि अनुसार (द) प्रिमियममा अनुदान लिएका कृषक/व्यवसायीले प्रदेश तथा स्थानीय तहबाट सोही शिर्षकमा थप अनुदान पाउने छैन भन्ने व्यवस्था गरेकाले खर्च गर्न नसकिएकाले यससंग सम्बन्धित स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीको उपसूचक ३.१.६.१ मा पूर्ण अंक राखी दावी पेश गर्ने।

ङ. नीलकण्ठ नगरपालिकामा खेतियोग्य जमिन बाँझो नरहेको तर स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कनको उपसूचक ३.२.१.१ मा बाँझो जमिन उपयोग सम्बन्धी नीति रणनीति वा कार्ययोजना र सञ्चालित कार्यक्रमको विवरण राख्नुपर्ने भन्ने व्यवस्था रहेकोमा नीलकण्ठ नगरपालिकामा खेतीयोग्य जग्गा बाँझो नरहेकाले उक्त व्यवस्था यस नगरपालिकाको हकमा लागू नहुने भएकाले सो उपसूचकवापत पूर्ण अंक दावी गर्ने निर्णय गरियो।

च. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कनको उपसूचक ३.२.१.२ मा वस्ती टोल घरपरिवारको विवरण र सम्बन्धित निकायसंगको समन्वयमा खाद्य असुरक्षा भएका टोलवस्तीमा सो सम्बन्धी कार्यक्रम र त्यसको प्रगति प्रतिवेदन पेश गर्नुपर्ने भन्ने व्यवस्था गरेकोमा नीलकण्ठ नगरपालिका भित्र कुनै पनी घर परिवार तथा टोलवस्ती खाद्य असुरक्षामा नरहेकाले कुनै कार्यक्रम नगरिएकाले सो उपसूचकवापतको पूर्ण अंक दावी पेश गर्ने निर्णय गरियो।

छ. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कनको उपसूचक १.६.१.१ मा जिल्ला समन्वय समितिबाट यस नगरपालिका तथा विकास निर्माण कार्यको अनुगमन गरी दिएको प्रतिवेदन कार्यपालिकामा छलफल भएको खण्डमा पूर्ण अंक प्राप्त गर्ने व्यवस्था भएकोमा आर्थिक वर्ष २०८१/०८२ जिल्ला समन्वय समितिबाट यस नगरपालिकाका विकास

निर्माणलगायतका क्षेत्रमा अनुगमन भएको नदेखिएको तथा अनुगमन भएको भनी प्रतिवेदन प्राप्त नभएकाले कार्यपालिकामा पनी प्रतिवेदन पेश हुननसकेकाले सो उपसूचक वापत पूर्ण अंक दावी गर्ने निर्णय गरियो।

ज. नीलकण्ठ नगरपालिकामा सञ्चालनमा रहेका सवै सामूदायिक तथा संस्थागत विद्यालयहरुमा सुरक्षित र बालमैत्री भवन तथा कक्षाकोठाको रहेकाले स्वीकृत मापदण्ड बमोजिम सुरक्षित र बालमैत्री भवन तथा कक्षा कोठाको व्यवस्था भएको निर्णय गरीयो। साथै यससंग सम्बन्धितस्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीको उपसूचक ४.२.३.१ मा पूर्ण अंक राखी पेश गर्ने।

२९. <u>अन्य विविध विषयहरुका सम्वन्धमाः</u>,

क. नीलकण्ठ नगरपालिका वडा नं.१ स्थित महेन्द्रोदय आधारभूत विद्यालयको शैक्षिक तथा अन्य शैक्षिक गतिविधि सञ्चालनका लागि चालु आ.व.२०८२/०८३ मा कार्यान्वयन हुने गरी वडागत वजेट सिलिङ्गवाट रु ५०००० (अक्षेरुपी पचास हजार मात्र) विनियोजन भएकोमा उक्त रकम विद्यालयको शैक्षिक गतिविधि सुधारमा खर्च गर्ने गरी विद्यालयको खातामा निकासा दिने निर्णय गरियो। साथै यस कार्यमा सामाग्री खरिद तथा व्यवस्थाप पश्चात नीलकण्ठ नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखासँग समन्वय गर्ने र विद्यार्थीहरुको सामाग्री वुझिलिएको भर्पाई सम्वन्धित शाखामा पेश गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

ख. आम नागरिक तथा वालवालिका मानसिक स्वास्थ्य एवम् नगरपालिका भित्र खेलकुद गतिविधिलाई प्रोत्साहन तथा प्रवर्द्धन गरी स्वास्थ्यका लागि खेलकुद भन्ने नारा सहित नगरवासीहरु एवम् कलिला वालवालिकाहरुको मानसिक स्वास्थ्यलाई स्फुर्त राख्न एवम् आम नगरवासीहरुलाई स्वस्थ्यका लागि खेलकुद भन्ने सोचको विकास गरी स्वस्थ्यमा सजग वनाउन खेलकुदमा केही समय अभ्यासरत वनाइ राख्न व्याडमिन्टन खेलकुद तर्फ दक्ष खेलाडी उत्पादन गर्ने उद्देश्यले धादिङ जिल्ला व्याडमिन्टन संघद्वारा मिति २०८२/०९/०६ को निर्णयानुसार प्रशिक्षकको नियूक्त गरी आभ्यासरत गराइरहेको

व्यहोरा ऐ.ऐ. संघको मिति२०८२/१२/०२ गतेको पत्रवाट जानकारी तथा उक्त प्रशिक्षकलाई प्रदान गर्ने रकम संघसँग नभएको कारण प्रशिक्षकको सुविधावापत ३ महिनाको तलव अनुदानस्वरुप माग गरेकोमा चालु आ.व.२०८२/०८३ मा विनियोजन भएको खेलकुद प्रवर्द्धन तर्फ विविध कार्यक्रमवाट खर्च लेखी मासिक २५,०००।-का दरले ३ महिनाको रु ७५,०००।- (अक्षेरुपी रु पचहत्तर हजार) धादिङ जिल्ला व्याडमिन्टन संघलाई अनुदान स्वरुप भुक्तानी उपलब्ध गराउने निर्णय गरियो।

ग. नीलकण्ठ नगरपालिका वडा नं. ५ अन्तर्गत गत आ.व.२०८१/०८२ मा वडागत प्रशासनीक खर्च शीर्षकमा विनियोजन भएको रकम भुक्तानीका लागि पेश भएकोमा आर्थिक स्रोतको अभाव भइ तत्कालिन अवस्थामा भुक्तानी दिन नसकिएको र दायित्व सार्नसमेत छुट भएको हुँदा चालु आ.व.२०८२/०८३ मा विनियोजन भएको विविध खर्च शीर्षकवाट खर्च लेखी रु १,१०,२९१।- (अक्षेरुपी एक लाख दश हजार दुई सय एकानव्वे मात्र) तत्कालिन वडा सचिव रोशन कोइरालालाई शोधभर्ना गरी भुक्तानी दिने निर्णय गरियो।

घ. रोशन कोइरालालाई नीलकण्ठ नगरपालिका वडा नं.५ को वडा सचिव तथा नगर कार्यपालिकाको कार्यालयमा पञ्जिकरण शाखाको समेत जिम्मेवारी तोकिएकोमा सामाजिक सुरक्षा भत्ता लगायतका विविध कार्यहरुका सिलसिलामा गत आ.व.२०८१/०८२ मा कार्यालयवाट भ्रमण आदेश स्वीकृत गरी विभिन्न स्थानमा गएकोमा निजको भ्रमणखर्चवापतको रकम भुक्तानी दिनुपर्नेमा छुट भएकोले चालु आ.व.२०८२/०८३ मा विनियोजन भएको विविध खर्च शीर्षकवाट खर्च लेखी भुक्तानी दिने निर्णय गरियो।